# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण २० गते २०१५ साल


### अर्थ (आय) मन्त्रालयको सूचना

गांजा खेती लाइसेन्सको त्रिखण्डी दस्तुर बुझाउने
म्याद भाद्र मसान्तसम्मको थप दिने समेत्।

गांजा खेतीको लाइसेन्स बारे चैत्र १५ गतेसम्म बुझाउनु पर्ने त्रिखण्डि दस्तूर बुझाउन यो वर्षलाई बिराटनगर, सप्तरी, सिराहा, महोत्तरी, सर्लाही, रौतहट, पर्सा, बारा, शिवराज तौलिहवा जम्मा १० जिल्लामा गांजा खेती गर्न लाइसेन्स लिनेहरूलाई भाद्र मसान्तसम्मको म्याद थप दिने। २०१५ साल आश्विनमा गाँजा खेती गर्नालाई लाइसेन्स दिंदा साबिक दस्तूर बुझाई नसकेका व्यक्तिहरूलाई लाइसेन्स नदिने समेत २०१५ श्रावण १० गते सरकारबाट निर्णय भएकोले सोबमोजिम गर्न गराउन सम्बन्धित गोश्वारालाई आदेश गैसकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना जारी गरिएकोछ।

आज्ञाले:—
नीरराज,
सचिव-अर्थ मन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अर्थमन्त्रालयको सूचना

देहायमा लेखिएबमोजिम नेपाल राष्ट्र बैंकमा देहायका मिति मिविभा देहायका जवानहरूले का. मु. भै कायभार सम्हालेको कुरा सबलाई ज्ञात होस् भनी यो सूचना प्रकाश गरिदिएको छ।

१. नेपाल राष्ट्र बैंक केन्द्रीय अफिसको चिफ एकाउन्टेन्ट श्री गोविन्दप्रसाद गोर्खाली सरूवा भएकोले निजको स्थानमा काठमाडौं बैंकिङ्ग अफिसका मेनेजर श्री धीरबिक्रम शाहले ०१५।३।१२ का दिनदेखि का. मु. चिफ एकाउन्टेण्ट भै कार्यभार सम्हाल्नु भएको छ।

२. ने. रा. बैंक काठमाडौं बैंकिग अफिसको मेनेजर श्रीधीरबिक्रम शाह केन्द्रीय अफिसको का. मु. चीफ एकाउन्टेन्ट मुकरर हुनुभएकाले निजको स्थानमा सोही अफिसका एकाउण्टेण्ट रामराज तुलाधरले ०१५।३। १२ का दिन देखि का. मु. मेनेजर भई कार्यभार सम्हाल्नु भएको छ।

३. ने. रा. बैंक काठमाडौं बैंकिग अफिसका एकाउन्टेन्ट रामराज तुलाधर सोही अफिसका का. मु. मेनेजरमा मुकरर हुनु भएकोले निजको स्थानमा केन्द्रीय अफिसका असिष्टेन्ट एकाउण्टेण्ट श्री लोकबहादुर विष्टले ०१५। ३।१६ का दिनदेखि का. मु. एकाउण्टेण्ट भई कार्यभार सम्हाल्नु भएको छ।

आज्ञाले--
नीरराज,
सचिव-अर्थमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४१२